नेपाल सरकार
Government of Nepal

माननीय श्रद्धा श्रेष्ठ
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Shradha Shrestha
Minister
Ministry of Women, Children and Senior Citizens
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

# शुभकामना सन्देश

महिलाका अधिकार स्थापित गर्ने विषय सहित शुरु भएको महिला आन्दोलनले विभिन्न आरोह अवरोह पार गर्दै **"Rights.Justice.Action.For All Women and Girls"** भन्ने अन्तराष्ट्रिय नारा सहित आज हामी ११६औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदैछौं। यो महत्वपूर्ण दिवसको अवसरमा हामीले राष्ट्रियस्तरमा **"सबै महिला र बालिकाको अधिकार,न्याय र कार्यसहितको अवसर"** राष्ट्रिय नारा तय गरेका छौं। यस अवसरमा सम्पूर्ण दिदीबहिनी, दाजुभाई महिला हक अधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा अहोरात्र लागनु हुने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धिहरूलाई स्मरण गर्दै महिलाहरूलाई सम्मान, निर्णय प्रक्रियामा पहुँचको विस्तार, महिला सशक्तीकरण अभिवृद्धि, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउदै लैङ्गिक समानता कायम गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आईएको छ ।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ३८ मा महिलामाथि हुने अत्याचार, शोषण, दमण र हिंसा जस्ता लैंगिक विभेद र अमानवीय व्यवहारहरु अन्त्य गरी पुरुष र महिलाबीच समानाताको प्रत्याभूति गर्न महिलाको हक सुनिश्चित गरेको छ । संविधानमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्ने व्यवस्था रहेको साथै संयुक्त राष्ट्र संघले सन् २०३० सम्म हासिल गर्नेगरी निर्धारण गरेको दिगो विकासका लक्ष्यहरु लैङ्गिक समानता कायम गर्ने, असमानता घटाउने, न्यायमा पहुँच पुऱ्याउने र शान्ति सुरक्षा कायम गर्ने विषयहरु महिला हितका लागि अपरिहार्य छ । लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णय प्रकृया र राजनीति जस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समानरूपमा सुनिश्चित हुनुपर्ने महसुस गरेको छु ।

समाजमा कायम रहेका हानिकारक अभ्यासहरू जस्तै बोक्सी, छाउपडी, बालविवाह, दाइजो तथा तिलकजस्ता प्रथाले महिला, किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटनाहरू निर्मूल गर्न मन्त्रालयले अभियानमूलक, संरक्षणात्मक तथा महिला सशक्तीकरणका कार्यक्रमहरु प्राथमिकताका साथ अघि बढाएको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तथा कार्यान्वयन कार्ययोजना संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन भइरहेको छ भने अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको प्रादेशिकरण र स्थानीयकरणका साथै नतिजामूलक कार्यान्वयनका लागि विविध प्रयासहरु अगाडि बढाइएको छ। महिलाको अधिकार प्रासिका लागि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा नेपाल पक्ष राष्ट्र भएको र ती सम्झौताहरुको कार्यान्वयनका लागि सरकारले महत्वपुर्ण प्रयासहरु गरेको छ

अन्त्यमा, अन्तर्राष्ट्रिय महिला दिवसलाई उत्सवको रुपमा मनाउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दै महिलाको हक अधिकार सुनिश्चित गर्दै लैङ्गिक समानतामलक राष्ट्र निर्माणको यात्रामा अघि बढ्न आजको दिनले सबैलाई हौसला प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

श्रद्धा श्रेष्ठ
मन्त्री

मा. श्रद्धा श्रेष्ठ
मन्त्री

फोन नं. : ४२००२८०/४२११९२/४२००१५३ | फ्याक्स : ४२००११६ | इमेल : info@mowcsc.gov.np | वेबसाइट : www.mowcsc.gov.np
Phone.: 4200280/4211192/4200153 | Fax: 4200116/5526135 | Email: info@mowcsc.gov.np | Website: www.mowcsc.gov.np